वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

# कुमार पौडेलको गैरन्यायिक हत्याका जिम्मेवार व्यक्तिलाई अभियोजन गर

## प्रेस विज्ञप्ति

**२०८१ असार ५**

सर्लाही जिल्लामा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका इन्चार्ज कुमार पौडेललाई नेपाल प्रहरीका अधिकृतहरूले नियन्त्रणमा लिएर गैरन्यायिक हत्या गरेको पाँच वर्ष बितिसकेको छ। २०७६ असार ५ गते लालबन्दी नगरपालिकास्थित लखनदेहीको जंगलमा उनको हत्या गरिएको थियो । पौडेलको हत्यामा शीघ्र तथा स्वतन्त्र अनुसन्धान गर्न, घटनामा जिम्मेवार रहेका व्यक्तिमाथि अभियोजन गर्न तथा पीडित र उनको परिवारलाई न्याय दिलाउन सरकारसमक्ष एड्भोकेसी फोरम नेपाल आग्रह गर्दछ ।

एड्भोकेसी फोरम नेपाल र राष्ट्रिय मानवअधिकार आयोगले गरेको स्थलगत भ्रमणका आधारमा तयार पारिएका प्रतिवेदनहरूले पौडेललाई गैरन्यायिक हत्या गरिएको निष्कर्ष निकालेका थिए । आयोगले उक्त हत्यामा संलग्न प्रहरी अधिकृतहरूलाई तत्काल निलम्बन गर्न सिफारिस गरेको थियो र उनीहरूका विरुद्ध फौजदारी अभियोजनको सिफारिस पनि गरेको थियो । आयोगका सिफारिसहरू तत्काल कार्यान्वयन गर्नका लागि नेपाल सरकारलाई एड्भोकेसी फोरम नेपाल आग्रह गर्दछ।

घटनाको अनुसन्धानका लागि पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सर्लाहीमा जाहेरी दर्ता गराउन खोजेको भए पनि प्रहरीले अस्वीकार गरेको थियो। त्यसपछि पीडित परिवारले २०७७ मंसिर २७ गते सर्वोच्च अदालतमा परमादेश जारी गराइपाऊँ भन्दै रिट निवेदन दायर गरेको थियो। उक्त निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले २०७८ असोज ११ गते जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई तत्कालै जाहेरी दर्ता गरी शीघ्र अनुसन्धान आरम्भ गर्नका लागि परमादेश जारी गरेको थियो। तदनुरूप जिल्ला प्रहरी कार्यालय सर्लाहीले २०७८ असोज २० गते जिल्ला सरकारी वकील कार्यालयका अधिकारीहरूको रोहबरमा सनाखत गरी जाहेरी दर्ता गरेको थियो। जाहेरी दर्ता गरे पनि प्रहरीले घटनामा संलग्न रहेको भनिएका कसैलाई पनि सोधपुछका लागि बोलाएको छैन र जाहेरीमा नाम किटिएका व्यक्तिका विरुद्ध पक्राउपुर्जी पनि जारी गरेको छैन। यसबीचमा पीडितको परिवारले न्यायका लागि संघर्ष गर्ने क्रममा धाकधम्कीको सामना गर्नुपरेको छ र यसले उनीहरूको पीडा बढाएको छ।

नेपालको न्याय प्रणालीमा समस्या रहेको तथ्यलाई पौडेलको गैरन्यायिक हत्याले उजागर गरेको छ। जवाफदेहिताको अभावका साथै देशको न्याय प्रणालीमा गढेर रहेको दण्डहीनताका विषयमा एड्भोकेसी फोरम नेपाल सरकारको ध्यानाकर्षण गर्दछ।

कुमार पौडेलको गैरन्यायिक हत्याको निष्पक्ष अनुसन्धान गर्न, घटनाका जिम्मेवार व्यक्तिलाई पक्राउ गर्न र दोषी पाइएका व्यक्तिलाई अभियोजन गर्न प्रहरीलाई एड्भोकेसी फोरम नेपाल आग्रह गर्दछ। साथै, पीडित परिवारलाई सुरक्षा उपलब्ध गराउन तथा न्याय सुनिश्चित गराउनका लागि सरकारसमक्ष एड्भोकेसी फोरम नेपाल अपील गर्दछ।

**विकास बस्नेत**

**निर्देशक**

**एड्भोकेसी फोरम-नेपाल**